५।११।७८

सूर्यप्रसाद सुवेदी
प्रमुख प्रशासकिय अधिकृत

कार्यपालिका बैठक संख्या :- १०४
बैठक मिति :- २०७८।०३।३०
अध्यक्षता: नगर प्रमुख श्री द्वारिकलाल चौधरी

**निर्णय नं. १**

इटहरी उपमहानगरपालिकाको आ.व. २०७६/७७ र चालु आ.व. २०७७/७८ मा स्वीकृत बजेट कार्यक्रम र नगरपालिकाबाट निर्णय भई उपभोक्ता तथा ठेक्का बन्दोबस्तद्वारा सम्झौता भएको र कोभिड १९ का कारणले सम्पन्न हुन नसकेका योजना तथा परियोजनाहरुको म्याद अगामी २०७८ पौष मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

इटहरी उपमहानगरपालिकासँग चालु आ.व.भित्र सम्झौता भई सम्पन्न भएका बिभिन्न योजना परियोजना फरफारक भुक्तानीका लागि कार्यालयमा पेस हुन आएका योजनाहरु विविध कारणले अनुगमन हुन नसकेकोमा सम्बन्धित प्राविधिक, वडा कार्यालय र पुर्वाधार विकास शाखाको सिफारिसमा ९० (नब्बे) प्रतिशतसम्म भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस कोभिड १९ को पहिलो चरणमा रोकथाम नियन्त्रणका लागि नेपाल सरकारले मिति २०७६ चैत्र ११ गतेदेखि मिति २०७७ जेठ ३२ गतेसम्म Lock Down (बन्दाबन्दी) भएको अवधिमा नगरपालिकाबाट अत्यावश्यक सेवा वाहेकका सेवा बन्द गरिएको कारण उक्त समायवधि भर भवन निर्माणको दोश्रो चरणको इजाजत लिन नपाएको भवनहरुको हकमा स्वीकृत डिजाइन ड्राइङ अनुसार निर्माण सम्पन्न गरेको भएमा लाग्ने दण्ड जरिवाना छुट गर्ने साथै उक्त अवधिका धरौटी रकम स्याहा सदर नगरी निर्माण सम्पन्नको प्रमाण पत्र उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

आ.ब.२०७५/०७६ देखि ठेक्का प्रक्रियाबाट संचालनमा रहेका आ.ब. २०७७/०७८ सम्ममा निर्माण सम्पन्न हुन बाँकी रहेका, कार्य सम्पन्न गर्नुपर्ने म्याद समाप्त भईसकेका योजनाहरुको आगामी आ.ब. २०७८/०७९ मा बिनियोजित कमागत पूँजिगत खर्च/अधुरा गौरबका योजनाको भुक्तानी शिर्षकबाट भुक्तानी हुने गरी तथा आ.ब. २०७७०७८ का लागि स्वीकृत उपभोक्ता समिति मार्फत संचालनका लागि सम्झौता भएका/अमानत प्रक्रियाबाट संचालनका लागि कार्यादेश दिईएका योजनाहरुको आगामी आ.ब. २०७८।०७९ मा बिनियोजित गत विगतका अधुरा साना योजनाको

सूर्यप्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भुक्तानी शिर्षकबाट भुक्तानी हुने गरी मिति २०७८ साल पौष मसान्त सम्म म्याद थप गर्ने सर्व सम्मत निर्णय गरियो ।

**निर्णय नं. ५**

यस इटहरी उपमहानगरपालिकाको आ.व.०७८।०७९ को लागि नगर दररेट निर्धारणका लागि गठित समितिबाट प्राप्त नगर दररेट निर्धारण प्रतिवेदनमा उल्लेखि भएको दररेटलाई नगर दररेटको रुपमा स्वीकृत गर्ने निर्णय गरियो ।